# सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको

# छैठौं विशेष साधारण सभा बस्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित : २०७७/०९/२३

मिति २०७७/०९/२२ गते बसेको संचालक समितिको ३५१ औं बैठकको निर्णय अनुसार यस बैंकको छैठौं विशेष साधारण सभा निम्न लिखित मिति, स्थान र समयमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी एवं Webinar मार्फत उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**१. सभा हुने मिति, स्थान र समय**

**सभा हुने मिति :- २०७७ साल माघ १५ गते (तदअनुसार जनवरी २८, २०२१) बिहिबार**

**स्थान :- बैंकको प्रधान कार्यालय रहेको भवन, नारायणहिटी पथ, दरवारमार्ग, काठमाण्डौ (Webinar मार्फत संचालन गरिने) ।**

**सभा सुरु हुने समय :- बिहान ११.०० बजे**

**२. छलफलका विषयहरु :**

**क. बिशेष प्रस्तावहरु**

१. बैंकको पूँजीगत संरचनामा परिवर्तन गरी हाल कायम अधिकृत पूँजी रु. १०,००,००,००,०००/- (अक्षरेपि दश अरब) लाई बृद्धि गरी रु. १५,००,००,००,०००/- (अक्षरेपि पन्ध्र अरब) पुऱ्याउने ।

२. सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले तिनाउ मिशन डेभलपमेण्ट बैंक लिमिटेडलाई प्राप्ति (एक्विजिसन) गर्ने सम्बन्धमा संचालक समितिको तर्फबाट प्रस्तुत प्रतिवेदनलाई छलफल गरी पारित गर्ने ।

३. सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले तिनाउ मिशन डेभलपमेण्ट बैंक लिमिटेडलाई प्राप्ति (एक्विजिसन) गर्ने प्रयोजनका लागि मूल्याङ्कनकर्ताबाट प्राप्त तिनाउ मिशन डेभलपमेण्ट बैंक लिमिटेडको चल/अचल सम्पत्ति र दायित्व मूल्याङ्कन प्रतिवेदन (Due Diligence Audit Report), प्राप्ति (एक्विजिसन) पश्चातका व्यवसायिक अवसरहरु, सम्पत्ति एवं दायित्वको बजार मूल्य, वर्तमान जोखिम अवस्था समेतका आधारमा तिनाउ मिशन डेभलपमेण्ट बैंक लिमिटेडको १०० कित्ता शेयरलाई सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको ९६ कित्ता शेयर (१:०.९६) दिने गरी शेयर मूल्य अनुपात (Share Swap Ratio) कायम गर्ने र तिनाउ मिशन डेभलपमेण्ट बैंक लिमिटेडलाई प्राप्ति (एक्विजिसन) गर्न स्वीकृति प्रदान गर्ने ।

४. सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले तिनाउ मिशन डेभलपमेण्ट बैंक लिमिटेडलाई प्राप्ति (एक्विजिसन) गर्न मिति २०७७/०७/०१ मा दुबै पक्ष बीच गरिएको सहमतिलाई नेपाल राष्ट्र बैंकबाट सैद्धान्तिक सहमति प्राप्त भएको हुँदा उक्त वित्तीय संस्थालाई प्राप्ति (एक्विजिसन) गर्न गरिएको अन्तिम सम्झौता (Scheme of Arrangement) लगायत संयुक्त मर्जर तथा एक्विजिसन समितिबाट भए गरेका काम कारवाहीहरु अनुमोदन गर्ने ।

५. सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले तिनाउ मिशन डेभलपमेण्ट बैंक लिमिटेडलाई प्राप्ति (एक्विजिसन) गर्ने प्रयोजनका लागि गठित संयुक्त मर्जर तथा एक्विजिसन समितिबाट नियुक्त लेखापरीक्षक श्री एम. आर. एसोसिएटस्, चाटर्ड एकाउन्टेन्टस्को नियुक्तिलाई अनुमोदन गर्ने ।

६. सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले तिनाउ मिशन डेभलपमेण्ट बैंक लिमिटेडलाई प्राप्ति (एक्विजिसन) गर्न दुबै पक्षबीच गरिएको अन्तिम सम्झौतापत्र बमोजिम नियमनकारी निकायहरुबाट प्राप्त सुझाव तथा निर्देशन बमोजिम प्राप्ति (एक्विजिसन) सम्बन्धी गर्नु पर्ने थपघट तथा आवश्यक संशोधन लगायत सम्पूर्ण कार्यहरु गर्न सञ्चालक समितिलाई अख्तियार प्रदान गर्ने ।

७. तिनाउ मिशन डेभलपमेण्ट बैंक लिमिटेडलाई यस बैंकले प्राप्ति (एक्विजिसन) पश्चात बैंकको जारी तथा चुक्ता पूँजी साबिकको रु.९,८१,७०,०२,६७३/- बाट वृद्धि भई रु ११,६६२,०४०,९१२/- हुने भएकोले सोही बमोजिम हुने गरि बैंकको प्रवन्धपत्र संशोधन गर्ने ।

८. बैंकको प्रबन्धपत्र तथा नियमावली संशोधन गर्न अनुमति लिनुपर्ने निकायहरूबाट प्राप्त हुन आउने निर्देशन बमोजिम थपघट लगायत अन्य आवश्यक संशोधन गर्न सञ्चालक समितिलाई अख्तियार प्रदान गर्ने ।

**ख. विविध**

## विशेष साधारण सभा सम्बन्धी अन्य जानकारी

१. बिशेष साधारण सभालाई ध्यानमा राखी मिति २०७७/१०/०२ गते १ दिन बैंकको शेयरधनी दर्ता किताव बन्द रहने छ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा २०७७/१०/०१ गतेसम्म कारोबार भई म्यादभित्र यस बैंकको शेयर रजिष्ट्रार सि.वि.आई.एल. क्यापिटल लिमिटेड, वाटुलेघर, डिल्लीबजार, काठमाडौंमा प्राप्त शेयर नामसारीको लिखतको आधारमा शेयरधनीदर्ता किताबमा कायम शेयरधनीहरुले सो सभामा भाग लिन पाउने छन् ।

२. विशेष साधारण सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुले हितग्राही (DMAT) खाता खोलिएका/शेयर प्रमाणपत्र र आफ्नो परिचय खुल्ने प्रमाण वा सोको प्रतिलिपि अनिवार्य रुपमा साथमा लिई आउनुहुन अनुरोध छ ।

३. सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावले Webinar मार्फत उपस्थिति जनाउनु हुन अनुरोध छ । साधारण सभाको हाजिरी पुस्तिका विहान ९:०० बजे देखि खुल्ला रहनेछ ।

४. सभामा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले प्रचलित कम्पनी कानूनले तोकेको ढांचामा प्रतिनिधि पत्र (प्रोक्सी) फारम भरी सभा शुरु हुनु भन्दा कम्तीमा ४८ घण्टा अगाडि अर्थात् २०७७/१०/१३ गते बिहान ११.०० बजेभित्र बैंकको मुख्य कार्यालय नारायणहिटी पथमा दर्ता गराई सक्नु पर्नेछ । बैंकको शेयरधनी बाहेक अरुलाई प्रोक्सी दिन र एकभन्दा बढी व्यक्तिलाई आफ्नो शेयर विभाजन गरी तथा अन्य कुनै किसिमबाट छुट्याई प्रोक्सी दिन पाइने छैन, यसरी दिइएको प्रोक्सी बदर हुनेछ ।

५. प्रतिनिधि (प्रोक्सी) नियुक्त गरि सकेपछि सम्बन्धित शेयरधनीले प्रतिनिधि फेरबदल गर्न चाहेमा यस अघि दिएको प्रतिनिधि (प्रोक्सी) बदर गरी यो प्रतिनिधि (प्रोक्सी) लाई मान्यता दिइयोस् भन्ने छुट्टै पत्र सहित प्रोक्सी फाराम बैंकको मुख्य कार्यालयमा सभा शुरु हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै दर्ता गराएको अवस्थामा अघिल्लो प्रतिनिधिलाई स्वतः बदर भएको मानी पछिल्लो प्रतिनिधि (प्रोक्सी) लाई मान्यता दिइने छ । प्रतिनिधि नियुक्त गरी सकेको शेयरधनी आफै सभामा उपस्थित भई हाजीर पुस्तिकामा दस्तखत गरेमा निजले दिएको प्रतिनिधि (प्रोक्सी) स्वतः बदर हुनेछ ।

६. एकभन्दा बढी व्यक्तिहरुको संयुक्त नाममा शेयर दर्ता रहेको अवस्थामा सर्वसम्मतबाट प्रतिनिधि चयन गरिएको एकजनाले मात्र वा लगत किताबमा पहिलो नाम उल्लेख भएको व्यक्तिले सभामा भाग लिन सक्ने छन् ।

७. नाबालक वा मानसिक सन्तुलन ठीक नरहेको शेयरधनीहरुको तर्फबाट बैंकको शेयर लगत दर्ता किताबमा संरक्षकको रुपमा नाम दर्ता भइरहेका महानुभावहरुले सभामा भाग लिन प्रतिनिधि तोक्न सक्नु हुनेछ ।

८. सभा सम्बन्धमा थप जानकारी आवश्यक परेमा कार्यालय समयभित्र बैंकको प्रधान कार्यालय नारायणहिटी पथ, दरवारमार्ग,काठमाडौंमा सम्पर्क राख्न समेत अनुरोध गरिन्छ ।

९. सुरक्षाको दृष्टिकोणले शेयरधनी महानुभावहरु सभा स्थलमा आउँदा झोला, व्याग जस्ता बस्तुहरु नलिई आउनु हुन अनुरोध छ । आवश्यक देखिएमा सुरक्षाकर्मीले सुरक्षा जाँच गर्न सक्ने हुँदा सो कार्यमा सहयोग गरिदिनुहुन समेत अनुरोध गरिन्छ ।

१०. छैठौं विशेष साधारण सभामा जिज्ञासा राख्न चाहने शेयरधनी महानुभावहरुले आफुले राख्न चाहेको विषयमा सभा हुनु भन्दा ४८ घण्टा अगावै इमेल (sgm@ctznbank.com) मार्फत जानकारी दिनु हुन अनुरोध गरिन्छ ।

११. कोभिड-१९ को कारणले सृजना हुन सक्ने सम्भावित असर तथा जोखिमलाई मध्यनजर गरी नेपाल सरकारले पालना गर्नुपर्ने भनी तोकिएका सम्पूर्ण सुरक्षात्मक उपायहरु अवलम्बन गरी विशेष साधारण सभा सन्चालन गर्ने प्रबन्ध मिलाईएको छ । साथै शेयरधनी महानुभावहरुले बैंकको यस विशेष साधारण सभामा Webinar मार्फत भाग लिन साधारणसभा हुने समय भन्दा २४ घण्टा अगाडी मोवाईल नं.९८५१०३२२५४ वा ९८५१०१२३४५ मा सम्पर्क गरी सहभागीता जनाउनु हुन अनुरोध गरिन्छ ।

**पुनश्च:** शेयरधनी महानुभावहरुले कम्पनीको मुख्य कार्यालय नारायणहिटी पथ, दरवारमार्ग, काठमाडौंमा उपस्थित भई विशेष साधारण सभामा पेश हुने सम्पूर्ण प्रस्तावहरु निरीक्षण गर्न र प्राप्त गर्न सक्ने व्यहोरा समेत जानकारीका लागी सूचित गरिन्छ । विशेष साधारण सभामा पेश हुने सम्पूर्ण प्रस्तावहरु बैंकको Website:www.ctznbank.com मा पनि हेर्न सक्नु हुनेछ ।


Citizens® Bank International Ltd.
सिटिजन्स बैंक इन्टरनेसनल लि.
YOUR PARTNER FOR PROGRESS

**मुख्य कार्यालयः**
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल,
फोनः ९७७ १ ४४२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४४२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA